# बुद्धभूमि नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हनुमानचोक, बुड्ढी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

ने.स.: ११४५

पत्र संख्या.: ०८१।८२
चलानी नं.: २५२०

मिति:२०८०।११।०१

श्री वडा कार्यालय (सबै)
बुद्धभूमि नगरपालिका, कपिलवस्तु ।

विषय : बेरोजगार व्यक्ति सूची दर्ता तथा निवेदन फारम भर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा आ.व. २०८२/०८३ को लागि प्रधानमन्त्री रोजगार कार्यक्रममा सहभागी हुन इच्छुक बेरोजगार व्यक्तिहरूको लागि **मिति २०८१ फागुन मसान्त** भित्र निवेदन संकलन गरी अनलाइनमा इन्ट्री गरी सक्नु पर्ने भएकोले समयमै निवेदन संकलन गराउन तहाँ वडाभित्रका सम्पूर्ण टोल/वस्ती, समुदायमा रहेका बेरोजगार व्यक्ति वा आर्थिक अवसरबाट बन्चित "विपन्न परिवार, एकल महिला, दलित, आदिबासी जनजाति, मधेशी तथा अन्य सिमान्तकृत समुदाय लगायतलाई सामाजिक संरक्षण उपलब्ध गराउने उद्देश्यले **"न्यूनतम रोजगार, नागरिकको अधिकार"** सम्बन्धी सञ्चार अभियान सञ्चालन भएकोले बेरोजगार रहेका व्यक्तिहरूको **फाराम मिति २०८१।११।२९ गते भित्र** सम्बन्धी वडा कार्यालयमा वा यस नगरपालिकाको रोजगार सेवा केन्द्रमा पेश गर्नुहुन अनुरोध छ ।

**पुनश्चः** समय सिमा भन्दा ढिलो गरी कागजात पेश गर्ने निवेदकहरूलाई यो आ.व. २०८२/०८३ को प्रधानमन्त्री रोजगार कार्यक्रममा सहभागी गराउन नसिकने व्यहोरा अनुरोध छ ।

**आवश्यक कागजातहरू:**

१. बेरोजगार व्यक्तिको नागरिकताको प्रतिलिपी ।
२. सम्बन्धित व्यक्तिको बैंक खाता नम्बर ।
३. हाससालै खिचेको पासपोर्ट साइजको फोटो १ प्रति ।
४. बार्षिक आम्दानीको विवरण ।
५. विवरण पूर्ण नभएको फाराम दर्ता नहुने ।

..............................
रविन चौधरी
रोजगार संयोजक

रविन चौधरी
रोजगार संयोजक

**नोटः** बेरोजगार फाराम सम्बन्धित वडा कार्यालयबाट वा रोजगार सेवा केन्द्रबाट तथा बुद्धभूमि नगरपालिकाको वेभसाइट https://www.buddhabhumimun.gov.np/sites/ बेरोजगार दर्ताका लागि दिने निवेदनको संशोधित ढाँचा नमूना डाउनलोड गर्नु होला ।